नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४७१९८०२, ०१-४७१९८०३
Ext. : ०१-४७४१५००, १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या : (०८१/०८२) च.नं.:-

मिति: २०८१।१०।२३ गते
ने.सं.: ११४५

प्रा.प.सं. :

विषय : प्रेस विज्ञप्ति ।

नयाँ पत्रिका दैनिकको मिति २०८१।१०।२२ गतेको **"अन्तरजातीय विवाह गर्ने दलित युवामाथि गृह मन्त्रीकै निर्देशनमा अत्याचार"** भन्ने शीर्षकको समाचार तथा मिति २०८१।१०।२३ गतेको समाचारमा माननीय गृहमन्त्रीज्यू, प्रहरी महानिरीक्षकज्यू तथा अन्य प्रहरी कर्मचारीको फोटो राखी प्रकाशित समाचार प्रति नेपाल प्रहरी प्रधान कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

समाचारमा उल्लेखित विषयको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद - ९, विवाह सम्बन्धी कसूरको दफा -१७३ मा भएको कानूनी व्यवस्था अनुरुप बाल विवाहको कसुरमा मिति २०८१।०७।२५ गते जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा जाहेरी दर्ता भएको देखिन्छ । सम्मानित जिल्ला अदालत, सर्लाहीबाट कसूरमा संलग्न भनिएका व्यक्तिहरु उपर पक्राउ पूर्जी जारी भई खोजतलास गर्ने क्रममा फरार रहेकोले कानून बमोजिम अनुसन्धान कार्य पूरा गरी सम्मानित जिल्ला अदालत, सर्लाहीमा मुद्दा पेश गरी ततपश्चात फरार प्रतिवादी पक्राउ परेकाले अदालत समक्ष पेश हुँदा सम्मानित अदालतको आदेशले रु. ३०,०००।– (तीस हजार रुपैयाँ) धरौटीमा छुटी मुद्दा विचाराधिन अवस्थामा रहेको छ ।

भएको सत्य, तथ्यलाई तोडमोड गरी कानूनी प्रकृयामा विचाराधिन रहेका मुद्दालाई गलत व्याख्या गरी कानूनी राज्यको मर्मलाई आघात पुग्ने गरी समाजमा शान्ति तथा स्थायित्व र न्यायका लागि कानूनी उपचार पाउने नागरिकको संवैधानिक अधिकारलाई कुण्ठित पार्ने तथा समाजमा कायम बन्धुत्व तथा भातृत्वमा खलल पार्ने जुनसुकै कार्यको विरुद्धमा हामी सबै सचेत रहन जरूरी रहेको छ । प्रेषित समाचारले समाजलाई अनावश्यक रूपमा विभाजित गराउन सक्ने र गलत सूचना सम्प्रेषण हुन सक्ने कुरामा सचेत रही आधारहीन तथ्यलाई स्थान दिन नहुने कुरामा संवेदनशिल रहन जरूरी छ ।
समाजमा छुवाछुत तथा जातीय विभेदको अन्त्यका लागि कटिबद्ध नेपाल प्रहरी कानून विपरीतका कार्यमा संलग्न व्यक्तिहरूलाई न्यायिक कठघरामा उभ्याउन सदैव क्रियाशील रहेको छ । समाज रूपान्तरणको पुनित कार्यमा कानून प्रदत्त जिम्मेवारी पुरा गरिरहेको संस्था र जिम्मेवार व्यक्तित्व माननीय गृहमन्त्री, प्रहरी महानिरीक्षक तथा अन्य प्रहरी कर्मचारीहरु प्रति लाञ्छना लगाउने भ्रमपूर्ण समाचार प्रति विस्वास नगर्न हुन अनुरोध गर्न चाहान्छौ ।

साथै नेपाल प्रहरी संविधान प्रदत्त अधिकारको रक्षार्थ सदैव तयार रहने समेत यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछौ ।

**प्रहरी नायव महानिरीक्षक**
**(दिनेश कुमार आचार्य)**
**केन्द्रीय प्रहरी प्रवक्ता**